त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्‌को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.: २६९/७९/०८० मितिः २०७९/०६/२५

श्री विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर ।

दर्ता नं.- ९३२
मिति- २०७९।०७।२५
बुझिलिनेको सही

विषय : **निर्णय पठाइएको बारे ।**

त्रि.वि. कार्यकारी परिषद्‌को मिति २०७९।०६।०९ को बैठकको निर्णय नं. १६३५ त्यस निर्देशनालय/महाशाखा/कार्यालयसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको बेहोरा अनुरोध गर्दछु । निर्णयसँग सम्बन्धित फाइल यसैसाथ संलग्न छ/छैन ।

रत्नबहादुर महर्जन
शाखा अधिकृत

**निर्णय नं. १६३५**

त्रिभुवन विश्वविद्यालय खेलाडी सुविधा तथा खर्च व्यवस्थापन सम्बन्धी निर्देशिका २०७८ खारेज गरी तपसिल बमोजिम त्रिभुवन विश्वविद्यालय खेलाडी सुविधा तथा खर्च व्यवस्थापन सम्बन्धी निर्देशिका २०७९ स्वीकृत गर्ने सम्बन्धमा त्रि.वि. विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयबाट प्राप्त प्रस्तावमाथि छलफल हुँदा तपसिलबमोजिमको निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

## त्रिभुवन विश्वविद्यालय खेलाडी सेवा सुविधा तथा खर्च व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९

त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक एवं बौद्धिक विकासमा सहयोग पुराउने उद्देश्यले विद्यार्थी विद्यार्थीहरूको बीचमा विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना गरी खेल प्रतिभाको खोजी र पहिचान गर्ने, प्रतिभावान विद्यार्थी खेलाडीलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरूमा सहभागी गराउने तथा हाजिरीजवाफ, वादविवाद, निबन्ध लेखन लगायत अन्य अतिरिक्त क्रियाकलापका प्रतियोगितामा समेत सहभागी गराउन आवश्यक सेवा सुविधा तथा खर्च व्यवस्थापन सम्बन्धी निर्देशिका बनाई जारी गरिएको छ ।

प.सं.स.का.प.च.नं.:

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम: "त्रि.वि. खेलाडी सेवा सुविधा तथा खर्च व्यवस्थापन सम्बन्धी निर्देशिका २०७९" रहेको छ ।

(ख) यो निर्देशिका कार्यकारी परिषद्बाट अनुमोदन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "क्याम्पस" भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्वन्धन प्राप्त क्याम्पस सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले त्रिभुवन विश्वविद्यालय विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभागलाई सम्झनु पर्छ । यस शब्दले विश्वविद्यालयका क्याम्पस अन्तर्गत रहेका विभागलाई समेत जनाउनेछ ।

(ङ) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्छ ।

(च) "कार्यकारी परिषद्" भन्नाले त्रि.वि.कार्यकारी परिषद्लाई सम्झनु पर्दछ ।

(छ) "रजिष्ट्रार" भन्नाले त्रि.वि.का रजिष्ट्रारलाई सम्झनु पर्दछ ।

(ज) "स्कुल" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गत डीन कार्यालयहरूद्वारा सञ्चालित स्कुल भन्ने सम्झनु पर्दछ ।

(झ) "शिक्षाध्यक्ष" भन्नाले त्रि.वि.का शिक्षाध्यक्षलाई सम्झनु पर्दछ ।

(ञ) "उपकुलपति" भन्नाले त्रि.वि.का उपकुलपतिलाई सम्झनु पर्दछ ।

(ट) "विद्यार्थी" भन्नाले त्रि.वि. का आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पस/विभाग/स्कूलमा अध्यनरत विद्यार्थीलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य :**

विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक एव बौद्धिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले विद्यार्थी विद्यार्थीहरूको बीचमा बिभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना तथा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरूमा सहभागी तथा खेलकुद तालिम दिनु साथै हाजिरीजवाफ, वादविवाद, निबन्ध लेखन लगायत अन्य अत्तिरिक्त क्रियाकलाप प्रतियोगितामा सहभागी गराउनु ।

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

## ४. सेवा सुविधा तथा खर्च सम्बन्धी व्यवस्था :

(क) **उपत्यकाव्यापी प्रतियोगिता र प्रशिक्षणमा सहभागिताका लागि दिइने सुविधा :**

१. प्रतियोगिता सुरु हुनुभन्दा ७ दिन अगाडिदेखि प्रतियोगिता खेलेको अन्तिम दिनसम्म खुराक खर्चबापत प्रतिव्यक्ति प्रतिदिन रु.३००।- दिने,
२. प्रतियोगिता भएको दिन खेल स्थलसम्म जान र फर्कन क्याम्पसबाट यातायात खर्च दिने वा यातायातको व्यवस्था गर्ने,
३. खेलकुद ड्रेसबापत प्रति सेट (टि सर्ट र कट्टु) रु.१०००।- का दरले दिने,
४. खेल खेल्ने जुत्ता र मोजाका लागि प्रति खेलाडी रु. २०००।- का दरले खरिद गरिदिने, क्याम्पसको खेलकुद बजेटले भ्याउने भएमा ट्रायाकसुट समेत दिन सक्नेछ ।
५. उपत्यकाव्यापी खेलकुद प्रतियोगिता भएको ६ महिनासम्म एउटै खेलाडीलाई सोही खेलमा दुई पटक सम्म खेलड्रेस दिइने छैन ।

(ख) **क्षेत्रीय/प्रदेश तथा राष्ट्रिय प्रतियोगिता, प्रशिक्षण सहभागिताका लागि दिइने सुविधा :**

१. प्रतियोगिता सुरुहुनु भन्दा ७ दिन अगाडिदेखि प्रतियोगिता खेलेको अन्तिम दिनसम्म खुराक खर्च बापत प्रतिव्यक्ति प्रतिदिन रु.३००।- स्थानीय र बाह्य दुबै टिमका खेलाडीहरूलाई दिने,
२. स्थानीय टिमको लागि प्रतियोगिता भएको दिन खेल स्थलसम्म जान र फर्कन क्याम्पसबाट यातायात खर्च दिने वा यातायातको व्यवस्था गर्ने,
३. खेलकुद ड्रेस बापत प्रति सेट (टि सर्ट र कट्टु) रु.१०००।- का दरले दिने,
४. खेल खेल्ने जुत्ता र मोजाका लागि प्रति खेलाडी रु. २०००।- का दरले खरिद गरिदिने, क्याम्पसको खेलकुद बजेटले भ्याउने भएमा ट्याकसुट समेत दिन सक्नेछ ।
५. क्षेत्रीय/प्रदेश प्रतियोगिता भएको ६ महिनासम्म एउटै खेलाडीलाई सोही खेलमा दुई पटक खेल ड्रेस दिइनेछैन ।
६. क्षेत्रीय/प्रदेश र उपत्यकाव्यापी प्रतियोगिताबाट छनौट भई राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीलाई बढीमा रु.३०००।- सम्म पर्ने ट्रयाकसुट दिन सकिनेछ ।
७. प्रतियोगिता हुने स्थानमा सहभागी हुने टोली एक दिन अगाडि आइपुग्नुपर्ने र आफ्नो टिमको खेल सकिएको (एक दिन पछि) भोलिपल्ट फर्किनु पर्नेछ ।
८. क्याम्पसबाट प्रतियोगिता स्थल जाँदा र फर्कदा बस/माइक्रो बस भाडा र बस सेवा नभएको अवस्थामा हवाई भाडा वा पैदल हिँडेको भए त्रि.वि.को शाखा अधिकृतले पाए सरहको दैनिक भत्ता दिइनेछ ।
९. स्थानीय बाहेक बाहिरबाट आएका खेलाडीहरूलाई प्रतिव्यक्ति प्रतिदिन त्रि.वि.को शाखा अधिकृतले पाए सरहको दैनिक भत्ता र प्रतिव्यक्ति रु.३००।- का दरले खुराक खर्च तथा प्रशिक्षण स्थल जान र फर्किन तोकिएअनुसार बस/माइक्रो बस भाडा यातायात खर्च दिइनेछ।
१०. अफिसियल र प्रशिक्षकहरूलाई त्रि.वि.को शाखा अधिकृतले पाए सरह दैनिक भत्ता र यातायात बापत माइको वा अन्य बस भाडा दिइनेछ । निर्णायकहरूको पारिश्रमिक तोकिए बमोजिम हुनेछ।

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

११. त्रि.वि.ले आयोजना गर्ने वा यसै स्तरको कार्यक्रमहरू साहित्यिक, साँस्कृतिक, बौद्धिक, चित्रकला, मुर्तिकला, वुद्धिचाल र यस्तै प्रकृतिका अन्य प्रतियोगिताहरूमा सहभागी हुने विद्यार्थीहरू लाई त्रि.वि.को शाखा अधिकृतले पाए सरहको दैनिक तथा भ्रमण भत्ताको सुविधा मात्रै दिइनेछ । यसमा निर्णायकहरूको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

## (ग) अन्तराष्ट्रिय प्रतियोगिताको प्रशिक्षण एवं सहभागिताका लागि सुविधा :

१. वैदेशिक सहभागिताको लागि स्वदेशमा तयारी प्रशिक्षणमा संलग्न अफिसियल, प्रशिक्षकहरूलाई प्रशिक्षण, खुराक र यातायात खर्च वापत दैनिक प्रतिव्यक्ति रु.१,०००।- का दरले दिइनेछ। खेलाडीलाई प्रतिव्यक्ति रु.३००।- का दरले खुराक खर्च तथा प्रशिक्षण स्थल जान र फर्किन तोकिएअनुसार माइक्रो या अन्य बस भाडा यातायात खर्च दिइनेछ । तर बन्द प्रशिक्षणमा रहने भएमा त्रि.वि.ले तोकेअनुसार हुनेछ ।

२. अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता हुन प्रशिक्षणमा रहने खेलाडीको लागि आवश्यक पर्ने खेल सामग्रीको लागि तपसिल अनुसारको रकम सुविधा दिइनेछ ।

(क) ड्रेसबापत प्रति खेलाडी दुई सेटको प्रति सेट १०००।- ले (टि सर्ट र कट्टु) रु. २०००।-

(ख) खेल खेल्ने जुत्ता र मोजाका लागि प्रति खेलाडी रु. २०००।-

(ग) ट्र्याकसुटबापत प्रति खेलाडी रु.३०००।-

(घ) झोला, रुमाल तथा अन्य सामाग्रीको लागि प्रति खेलाडी एकमुष्ट रु.१०००।-

३. विदेशमा आयोजकले खान, बस्न सुविधा दिने अवस्थामा खेल हुने देशमा पुगेको दिनदेखि फर्केको दिनसम्म खेलाडी, प्रशिक्षक, व्यबस्थापक, अफिसियलहरूलाई दैनिक प्रतिव्यक्ति यु एस २० डलर पकेट खर्च र आवश्यकता अनुसार टिमलाई यातायात खर्च दिइनेछ । तर आयोजकले कुनै सुविधा नदिने अवस्था भएमा तथा बाटोमा बस्न खान पर्ने भएमा उक्त खर्च समेत खेलाडी, प्रशिक्षक, व्यबस्थापक, अफिसियलहरूलाई त्रि.वि.का शाखा अधिकृतले पाए सरहको र अन्य पदाधिकारी समेतको सहभागिता भएमा त्रि.वि.को नियम अनुसार दैनिक भत्ता दिइनेछ ।

४. अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी हुँदा खेलाडीहरूलाई र सँगै जाने प्रशिक्षक, व्यवस्थापक र अफिसियलहरूको लागि आवश्यक पर्ने खेल ड्रेस तथा अन्य सामग्रीहरूको लागि तपसिल अनुसारको रकम सुविधा दिइनेछ साथै त्रि.वि.को मोनोग्रामसहितको ब्लेजर पनि दिइनेछ । ब्लेजर एकपटक लिएको भएमा एक वर्षसम्म उक्त सुविधा दिइने छैन ।

(क) ड्रेसबापत दुई सेटको प्रति सेट १००० ले (टि सर्ट र कट्टु) रु. २०००।-

(ख) खेल खेल्ने जुत्ता र मोजाका लागि प्रति खेलाडी रु. ३५००।-

(ग) ट्र्याकसुट बापत प्रति खेलाडी रु.५०००।-

(घ) झोला, रुमाल तथा अन्य सामाग्रीको लागि प्रति खेलाडी एकमुष्ट रु.१०००।-

(ङ) ब्लेजर वापत प्रति सेट रु.५०००।-

५. छनौट भएका खेलाडी, प्रशिक्षक, व्यवस्थापक, अफिसियलहरूको लागि पासपोर्ट तयार गर्दा लाग्ने शुल्क, भिषा लिँदा लाग्ने शुल्क र टीम दर्ता गर्दा लाग्ने शुल्क उपलब्ध गराइनेछ ।

६. प्रतियोगिता हुने स्थानमा पुगेपछि प्रतियोगिता हुनु भन्दा अगाडि त्यहीं तालिम गर्दा र प्रतियोगिताको समयमा समेत खेलाडीहरूलाई रिफ्रेसमेन्टको व्यवस्था गर्न एकमुस्ट बढीमा ५०० यु एस. डलर रकम टोली नेतामार्फत खर्च गर्न सकिनेछ ।

**घ. निर्देशिका संशोधन सम्बन्धी व्यवस्था :**

यस निर्देशिका बमोजिम काम कारबाही गर्दा गराउँदा प्रक्रियागत विषयमा कुनै बाधा अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयको सिफारिसमा कार्यकारी परिषद्मा रहनेछ ।

**ङ. विविध :**

यो निर्देशिका आवश्यकता अनुसार पुनरावलोकन गरी परिमार्जन र संशोधन गर्न सकिनेछ ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय